☎ ९८५७८३५२४०
✉ info@rajpurmundang.gov.np
URL: www.rajpurmundang.gov.np

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गँगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्याः २०८०/०८१
चलानी नम्बरः

मितिः २०८०।०६।२१

## व्यवसाय दर्ता शिविर सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले गाउँपालिकाको व्यवसाय कर व्यबस्थापन कार्यविधि, २०७९ को दफा ६ को उपदफा (१) बमोजिम व्यवसायको दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यमा व्यवसायीलाई सहजताका लागि सम्वन्धित वडा कार्यालयमा तपसिलको मिति र समयमा घुम्ती सेवा सञ्चालन गर्न लागेकाले देहायका विबरण तथा कागजात संलग्न राखी निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**समयः** विहान १०:०० बजेदेखि

| मिति | वडा नं. | कैफियत |
|---|---|---|
| २०८०।०६।२५ र २६ गते | १, ३ र ५ | |
| २०८०।०६।२९ र ३० गते | २, ४ र ६ | |
| २०८०।०७।०१ र ०२ गते | ७ | |

**आवश्यक कागजातहरुः**

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) व्यवसाय रहेको घरको जग्गाधनिको लालपुर्जाको प्रतिलिपि, घरभाडामा व्यवसायको हकमा सम्झौता पत्र
(ग) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
(घ) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि
(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का
(च) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)
(छ) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

द्रस्टव्यः व्यवसाय दर्ता नगरी सञ्चालन हुने व्यबसायलाई गाउँपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि, २०७९ को दफा १६ बमोजिम निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यबसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत